# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४३ ) काठमाडौं, असार ४गते २०५० साल ( अतिरिक्ताङ्क १८

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना १

माननीय शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्री श्री गोविन्दराज जोशी एशिया तथा प्रशान्त क्षेत्रका शिक्षा मन्त्रीहरूको छैठौं बैठकमा भाग लिन २०५० साल असार ५ गते क्वालालम्पुर जानु हुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको कार्यहरू गर्ने माननीय मन्त्रीको सिफारिशमा माननीय सामान्य प्रशासन र कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्री श्री महेश्वरप्रसाद सिंहले सम्हाल्नु हुनेछ ।

### सूचना २

माननीय निर्माण तथा यातायात मन्त्री श्री खुमबहादुर खड्का स्वास्थ्य उपचारको सिलसिलामा यही २०५० साल असार ६ गते बैंकक तर्फ जानु हुने भएकोले उहाँको अनुपस्थितिमा निर्माण तथा यातायात मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको कार्यहरू गर्ने माननीय मन्त्रीको सिफारिसमा माननीय सामान्य प्रशासन र कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्री श्री महेश्वरप्रसाद सिंहले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

226

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।